# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर :

मिति: २०८१/१०/२३
ने.सं. ११४५ सिल्लाथ्व अष्टमी-८

विषय: रिक्त पदमा स्थायी शिक्षक सरूवासम्बन्धी सूचना

श्री यो जो जससँग सम्बन्धित छ ।

अर्घाखाँची जिल्ला मालारानी गाउँपालिका अन्तर्गत श्री जनता आधारभूत विद्यालय, मालारानी-१, सान्दे, मरेङ्गमा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरूवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं.२३, मिति २०८१/०८/२८ गतेको पत्रबाट अनुरोध भई आएकोले अर्घाखाँची जिल्लाभित्र कार्यरत सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावली, (संशोधन सहित) २०५९ को अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय र स्थानीय तहको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरूवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ तथा गाउँ कार्यपालिकाको मिति २०८१/१०/११ गतेको बैठकको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना janatabasicschool2040@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।
३. दरखास्त पेश गर्ने अन्तिम म्यादको दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदापछि विद्यालय खुलेको दिन विद्यालय समयभित्र दरखास्त पेश गर्न सकिनेछ ।

२०८१/१०/२३

.................
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री शिक्षा विकास तथा समन्वय इकाइ, अर्घाखाँची ।
श्री जनता आधारभूत विद्यालय, मालारानी-१, सान्दे, मरेङ्ग, अर्घाखाँची ।